नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : २०८०/०८१

चलानी नं. : १२२
नेपाल संवतः ११४४
मितिः- २०८०/१०/०५

विषयः- *समपूरक तथा विशेष अनुदान सम्वन्धमा ।*

श्री स्थानीय तह, सबै (७५३) ।

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगको च.नं. २३७ मिति २०८०/०९/२९ को पत्र र सो साथ संलग्न आ.व. २०८१/०८२ का लागि प्रदेश सरकार र स्थानीय तहमा संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान गरिएको विस्तृत सूचना (पाना ७) आवश्यक जानकारीका लागि यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(द्रोणराज निरौला)
**शाखा अधिकृत**

*वोधार्थः*
श्री राष्ट्रिय योजना आयोग,
समपूरक तथा विशेष अनुदान शाखा, सिंहदरवार ।
श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मन्त्रालयको Website/Portal मा राखिदिने व्यवस्था गरिदिनुहुन ।

# राष्ट्रिय योजना आयोग

संघीय मा.ग.

## (समपूरक तथा विशेष अनुदान शाखा)

पत्र संख्या: ०८०/८१
चलानी संख्या: २३६

सिंहदरबार, काठमाडौं

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: २३६८३
दर्ता मिति: २०८०/१०/०३

मिति: २०८०/०९/२९

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

**विषय:** समपूरक तथा विशेष अनुदान विस्तृत सूचना सम्बन्धमा ।

उपर्युक्त विषयमा समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ मा व्यवस्था भएबमोजिम प्रदेश सरकार र स्थानीय तहबाट आ.व. २०८१/८२ मा संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि प्रस्तावसहित विवरण तयार गरी २०८० पौष १ गतेदेखि माघ मसान्तभित्र राष्ट्रिय योजना आयोगले सञ्चालनमा ल्याएको यससम्बन्धी विद्युतीय प्रणाली (www.csgrants.gov.np) मार्फत प्रस्ताव गर्न तपसिल बमोजिमको सूचना मिति २०८०/०८/३० को गोरखापत्र राष्ट्रिय दैनिक तथा राष्ट्रिय योजना आयोगको वेबसाईट (www.npc.gov.np) मा प्रकाशन भएको व्यहोरा अनुरोध छ। उक्त सूचनासंग सम्बन्धित विस्तृत सूचना साबिकमाझैं सबै प्रदेश सरकार तथा स्थानीय तहमा जानकारी हुन आवश्यक व्यवस्थाका लागि तहाँ प्रेषित गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०८०/०९/२९

(रमेश विश्वकर्मा सुनार)
**योजना अधिकृत**

श्री उ.स., योजना
१०/०३

**तपसिल:**

आ. व. २०८१/८२ का लागि प्रदेश सरकार र स्थानीय तहमा संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान गरिएको विस्तृत सूचना (पाना-७)

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ६३२
मिति: ८०/१०/०४

## सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत प्रदेश सरकार र स्थानीय तहबाट आ.व. २०८१/८२ मा सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि,२०७७ मा व्यवस्था भएबमोजिम प्रदेश सरकार र स्थानीय तहबाट संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत आ.व. २०८१/८२ मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि प्रस्ताव सहित विवरणहरु तयार गरी २०८० माघ मसान्त भित्र राष्ट्रिय योजना आयोगले सञ्चालनमा ल्याएको विद्युतीय प्रणालीमार्फत (www.csgrants.gov.np) मात्र राष्ट्रिय योजना आयोगमा पठाउनुहुन सबै प्रदेश सरकार तथा स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्दा प्रदेश सरकारले संचालन गर्ने आयोजना/कार्यक्रमको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्बन्धित प्रदेश नीति तथा योजना आयोगको प्राथमिकीकरण सहित र स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट पेश गर्नु पर्नेछ। आयोजना प्रस्ताव सम्बन्धी शर्त तथा अन्य आवश्यक कागजात र विवरणको जानकारी उल्लिखित कार्यविधिहरूबाट प्राप्त गर्न सकिनेछ। यस सम्बन्धी आवश्यक सूचना तथा फाईलहरु www.csgrants.gov.np बाट डाउनलोड गर्न सकिनेछ । यस सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा राष्ट्रिय योजना आयोगको टेलिफोन नं. ०१-४२११११३, ०१-४२११०१४ र इमेल मार्फत (csgrants@npc.gov.np) सम्पर्क गर्न सकिनेछ ।

**समपूरक र विशेष अनुदानको लागि आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्न अनलाईन प्रणालीमा प्रविष्टि गर्ने प्रक्रिया यस प्रकार रहेको छ ।**

१. प्रदेश सरकार तथा स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) को लागि लग-इन गर्ने विवरणहरु (Login credentials) तत् तत् निकायहरूलाई राष्ट्रिय योजना आयोगबाट यस अगाडि उपलब्ध गराईसकिएको छ। कुनै कारणवश Login credentials reset गर्न आवश्यक भएमा सम्बन्धित निकायले csgrants@npc.gov.np मा आधिकारिक पत्रसहित ईमेलमार्फत माग गर्न सक्नेछन।

२. आयोजना/कार्यक्रम प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगले कार्यान्वयनमा ल्याएको विद्युतीय प्रणाली www.csgrants.gov.np बाट विवरणहरु अनलाईनमा भरी तोकिएको समयावधि (पौष १ गते देखि माघ मसान्तसम्म) प्रस्ताव गर्नुपर्नेछ।

३. आयोजना/कार्यक्रम प्रस्ताव तयारी सम्बन्धी अन्य जानकारीको लागि संलग्न फाईलहरू हेर्न सकिनेछ।
   (क) समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७
   (ख) विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि. २०७७
   (ग) आयोजना विवरण वेबसाईटमा भर्ने प्रयोगकर्ता पुस्तिका (User Manual)

## समपूरक अनुदान

१. समपूरक अनुदानका लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछ:

| क्र.सं. | मूलभूत क्षेत्रहरु | कार्यविधि बमोजिमका क्षेत्रहरु |
|---|---|---|
| १. | कृषि तथा पशुपालन पूर्वाधार | कृषि उपजको भण्डारण गृह तथा शीतगृह, कृषि, पशुपालन सम्बन्धी |
| २. | खानेपानी पूर्वाधार | खानेपानी सम्बन्धी आयोजना/कार्यक्रम |
| ३. | आवास तथा बस्ती पूर्वाधार | ग्रामीण क्षेत्रमा एकीकृत बस्ती विकास, नमूना आवास, जोखिमयुक्त बस्ती स्थानान्तरण |
| ४. | वन, वातावरण, जलाधार, सिंचाई तथा नदि नियन्त्रण पूर्वाधार | सिंचाई, नदि नियन्त्रण तथा तटबन्धन, वन, वातावरण, जलवायु परिवर्तन न्यूनीकरण, प्रदुषण नियन्त्रण |
| ५. | फोहोरमैला व्यवस्थापन पूर्वाधार | फोहोरमैला प्रशोधन एवम् व्यवस्थापन, ल्याण्डफिल साईट, इन्सिनरेसन |
| ६. | शैक्षिक पूर्वाधार | प्रदेश विश्वविद्यालय, विद्यालय भवन निर्माण |
| ७. | पर्यटन पूर्वाधार | पर्यटन, पदमार्ग, पार्क निर्माण, ट्रेलमार्ग |
| ८. | सडक तथा पुल पूर्वाधार | मझौला तथा ठूला पुल, सडक, कृषि सडक, जलमार्ग, लोकमार्ग |
| ९. | उर्जा पूर्वाधार | सौर्य, वायु, जैविक, वैकल्पिक उर्जा, प्रशारण लाईन, विद्युत उत्पादन |
| १०. | स्वास्थ्य पूर्वाधार | स्वास्थ्य चौकी, अस्पताल |
| ११. | वडा कार्यालय पूर्वाधार | स्थानीय तहको कार्यालय र वडा कार्यालय |
| १२. | पुनः निर्माण पूर्वाधार | विपद् पूर्वतयारी, पुनः स्थापना, पुनः निर्माण, नवः निर्माण, क्षतिग्रस्त सार्वजनिक पूर्वाधार निर्माण |
| १३. | अन्य पूर्वाधार | नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी तोकिएका आयोजना/कार्यक्रम |

२. **आयोजना /कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा आवश्यक विवरण**

(क) सङ्घीय समपूरक अनुदान प्रस्ताव फाराम भर्दा सोको आवश्यकता र औचित्य पुष्टि हुने गरी उत्पादन, उत्पादकत्व अभिवृद्धि तथा दिगो रोजगारी सिर्जना हुने उद्देश्यका आयोजना एवम् भू-कम्प तथा अन्य विपद्बाट भएको क्षतिलाई समेत सम्बोधन गर्ने गरी कानूनत: जिम्मेवार प्राप्त पदाधिकारीबाट निर्णय गरी पूर्व तयारी सम्पन्न भएका आयोजना/कार्यक्रम मात्र पेश गर्नुपर्नेछ।

(ख) आगामी आ.ब.का लागि यसअघि सङ्घीय समपूरक अनुदान प्राप्त गरी कार्यान्वयनमा गएका र सम्पन्न हुन बाँकी रहेका आयोजनाहरुलाई सम्पन्न गर्नेतर्फ विशेष प्राथमिकता दिनुपर्नेछ।

(ग) सो सम्बन्धमा समपूरक तथा विशेष अनुदान पेश गर्ने अनलाईन पोर्टलमा यसअघि स्वीकृत आयोजनाको प्रगति विवरण भर्दा विभिन्न विकल्पहरु (आयोजना सम्पन्न भएको, आयोजना रद्द (drop) गरिएको वा आयोजना सम्पन्न नभएको) मध्ये एक छनौट गर्नुपर्ने छ। आयोजना सम्पन्न नभएको अवस्थामा आयोजना सम्पन्न गर्न चाहिने थप रकम विवरण, सम्बन्धित तहले बेहोर्ने रकमको विवरण र कम्तिमा दुई वर्षभित्र आयोजना सम्पन्न गर्ने सुनिश्चितता सहित उपयुक्त आधार र पुष्ट्याई सहित निर्णय गरिएको विवरण पेश गर्नुपर्नेछ।

(घ) सम्पन्न नभएको आयोजना वा क्रमागत आयोजना प्रस्ताव नगरी नयाँ आयोजना प्रस्ताव गरिएको अवस्थामा अधुरो वा क्रमागत आयोजना आफ्नै आन्तरिक स्रोतबाट सम्पन्न गर्ने प्रतिवद्धता र सोको स्पष्ट आधार समेत पेश गर्नुपर्नेछ।

(ङ) प्रदेश सरकारको हकमा क्रमागत र नयाँ सहित गरेर १५ वटासम्म तथा स्थानीय तहको हकमा क्रमागत र नयाँ सहित गरेर अधिकतम ५ वटासम्म आयोजनाहरू प्रस्तावको रुपमा पेश गर्न सकिनेछ र त्यसरी प्रस्ताव गर्दा प्राथमिकीकरण समेत निर्धारण गरी पेश गर्नुपर्नेछ।

३. **समपूरक अनुदान माग गर्दा आयोजना प्रस्तावको लागि तयार/पेश गर्नु पर्ने विवरण तथा कागजातहरु**

(क) आयोजनाको आर्थिक, सामाजिक, वातावरणीय, लैङ्गिक समानता र सामाजिक समावेशीकरणका पक्षहरुको विश्लेषण, आयोजनाको दिगोपन सुनिश्चित हुने आधार सहित कूल लागत अनुमान खुल्ने विस्तृत परियोजना प्रतिवेदन (DPR) वा विस्तृत ईन्जिनियरिङ्ग प्रतिवेदन (DER) वा ईन्जिनियरिङ्ग डिजाईन वा ड्रइङ्ग डिजाइन/स्पेशिफिकेशन सहितको विस्तृत प्रतिवेदन

(ख) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

(ग) प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सङ्घीय समपूरक अनुदान माग गर्ने सम्बन्धमा (कार्यान्वयन गर्ने निकायको नाम सहित) गरेको निर्णयको प्रमाणित प्रतिलिपि र पुष्ट्याई

(घ) प्रदेशको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोगसंगको समन्वयमा प्रस्तावित आयोजना/कार्यक्रमहरुको प्राथमिकीकरण गरेको विवरण

(ङ) स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले सङ्घीय समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपि (उपस्थिति सहित) निर्णय गर्दा आयोजना/कार्यक्रमको प्राथमिकता समेत उल्लेख गर्नुपर्नेछ र सोही प्राथमिकताक्रम अनुरुप अनलाईन प्रविष्टि गर्नुपर्नेछ।

**४. आयोजना कार्यक्रम लागत अनुमान सीमा, अवधि, लागत साझेदारी सम्बन्धी विवरण:**

| क्र.सं. | सम्बन्धित तह | न्यूनतम कूल लागत | अधिकतम कूल लागत | अधिकतम अवधि | लागत साझेदारी (सम्बन्धित तहले बेहोर्ने) |
|---|---|---|---|---|---|
| १. | प्रदेश | २० करोड | १ अर्ब | ३ वर्ष | कम्तिमा ५० % |
| २. | महानगरपालिका | ५ करोड | २५ करोड | ३ वर्ष | कम्तिमा ५० % |
| ३. | उप-महानगरपालिका | ५ करोड | २५ करोड | ३ वर्ष | कम्तिमा ५० % |
| ४. | नगरपालिका | १ करोड | १० करोड | ३ वर्ष | कम्तिमा ५० % |
| ५. | गाउँपालिका | १ करोड | १० करोड | ३ वर्ष | कम्तिमा ५० % |

५. आयोजना/कार्यक्रम प्रस्ताव गर्दाको वखतमा नै स्वीकृत भएको खण्डमा कार्यान्वयनमा लैजाने गरी पूर्वतयारी कार्यहरु(Site clearance, निर्माण सामाग्री आपूर्ति, जनशक्ति व्यवस्थापन, ठेक्का व्यवस्थापन लगायत) मा यथेष्ट ध्यान दिनुपर्नेछ ।तोकिएको समयमा कार्यविधिमा उल्लिखित निकायहरुमा प्रगति प्रतिवेदन गर्नुका साथै अनुगमनमा समेत ध्यान दिनुपर्ने हुन्छ।

# विशेष अनुदान

१. विशेष अनुदानका लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछ:

| क्र.सं. | मूलभूत क्षेत्रहरु | कार्यविधि बमोजिमका क्षेत्रहरु |
|---|---|---|
| १. | शैक्षिक विकास | न्यून साक्षरता भएका क्षेत्रको शैक्षिक विकास |
| २. | आधारभूत स्वास्थ्य | बाल मृत्युदर, मातृ मृत्युदर भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा |
| ३. | खानेपानी आपूर्ति | दुर्गम तथा आर्थिक रुपले पिछडिएको क्षेत्रलाई लक्षित खानेपानी आपूर्ति सम्बन्धी आयोजना/कार्यक्रम |
| ४. | सामाजिक न्याय तथा समावेशीकरण | अल्पसंख्यक, सीमान्तकृत वर्ग एवम् दुर्गम तथा पिछडिएको क्षेत्र वा आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान वा विकास |
| ५. | तहगत सन्तुलन | प्रदेश वा स्थानीय तहबीच भौतिक तथा मानवीय विकासको दृष्टिले सन्तुलन कायम गर्न संचालन हुने आयोजना/कार्यक्रम |
| ६. | खाद्य सुरक्षा | खाद्यान्नको उत्पादनमा न्यूनता भएका क्षेत्रमा खाद्य सुरक्षा सुनिश्चितता गर्ने आयोजना/कार्यक्रम |
| ७. | फोहोरमैला व्यवस्थापन | आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला व्यवस्थापन |
| ८. | विपद् जोखिम न्यूनीकरण | विपद् जोखिम न्यूनीकरण, विपद् प्रभावित क्षेत्रमा पुनर्स्थापना, पुनर्निर्माण वा नवनिर्माण |
| ९. | अन्य | राष्ट्रिय योजना आयोगले तोकेका अन्य प्राथमिकताका क्षेत्रहरु |

२. **आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा आवश्यक विवरण**

(च) सङ्घीय विशेष अनुदान प्रस्ताव फारम भर्दा सोको आवश्यकता र औचित्य पुष्टि हुने गरी उत्पादन, उत्पादकत्व अभिवृद्धि तथा दिगो रोजगारी सिर्जना हुने उद्देश्यका आयोजना एवम् भू-कम्प तथा अन्य विपद्‌बाट भएको क्षतिलाई समेत सम्बोधन गर्ने गरी कानूनतः जिम्मेवार प्राप्त पदाधिकारीबाट निर्णय गरी पूर्व तयारी सम्पन्न भएका आयोजना/कार्यक्रम मात्र पेश गर्नुपर्नेछ।

(छ) आगामी आ.व.का लागि यसअघि सङ्घीय विशेष अनुदान प्राप्त गरी कार्यान्वयनमा गएका र सम्पन्न हुन बाँकी रहेका आयोजनाहरुलाई सम्पन्न गर्नेतर्फ उच्च प्राथमिकता दिनुपर्नेछ।

(ज) सो सम्बन्धमा समपूरक तथा विशेष अनुदान पेश गर्ने अनलाईन पोर्टलमा यसअघि स्वीकृत आयोजनाको प्रगति विवरण भर्दा विभिन्न विकल्पहरु (आयोजना सम्पन्न भएको, आयोजना रद्द (drop) गरिएको वा आयोजना सम्पन्न नभएको) मध्ये एक छनौट गर्न सकिनेछ। आयोजना सम्पन्न नभएको अवस्थामा आयोजना सम्पन्न गर्न चाहिने थप रकम विवरण र कम्तिमा दुई वर्षभित्र आयोजना सम्पन्न गर्ने सुनिश्चितता सहित उपयुक्त आधार र पुष्ट्याई सहित निर्णय गरिएको विवरण पेश गर्नुपर्नेछ।

(झ) सम्पन्न नभएको आयोजना वा क्रमागत आयोजना प्रस्ताव नगरी नयाँ आयोजना प्रस्ताव गरिएको अवस्थामा अधुरो वा क्रमागत आयोजना आफ्नै आन्तरिक स्रोतबाट सम्पन्न गर्ने प्रतिवद्धता र सोको स्पष्ट आधार समेत पेश गर्नुपर्नेछ।

(ञ) प्रदेश सरकारको हकमा क्रमागत र नयाँ सहित गरेर १० वटासम्म तथा स्थानीय तहको हकमा क्रमागत र नयाँ सहित गरेर ५ वटासम्म

(ट) आयोजनाहरू प्रस्तावको रुपमा पेश गर्न सकिनेछ र त्यसरी प्रस्ताव गर्दा प्राथमिकीकरण समेत निर्धारण गरी पेश गर्नुपर्नेछ।

३. **विशेष अनुदान माग गर्दा आयोजना प्रस्तावको लागि तयार/पेश गर्नु पर्ने विवरण तथा कागजातहरु**

(च) आयोजना/कार्यक्रमको प्रस्तावमा अपेक्षित उपलब्धि सहित आर्थिक, सामाजिक, वातावरणीय र लैङ्गिक समानता र सामाजिक समावेशीकरणका पक्षहरुको विश्लेषण, आयोजनाको दिगोपन सुनिश्चित हुने आधार सहित कूल लागत अनुमान खुल्ने आवश्यक कार्यक्रम प्रस्ताव (क्रियाकलाप सहित) Detailed Program Proposal वा सम्भाव्यता अध्ययन (Feasibility Study) वा विस्तृत परियोजना प्रतिवेदन (DPR) वा विस्तृत ईन्जिनियरिङ्ग प्रतिवेदन (DER) वा ईन्जिनियरिङ्ग डिजाईन वा ड्रइङ्ग डिजाइन/स्पेशिफिकेशन सहितको बिस्तृत प्रतिवेदन, कूल लागत अनुमानमा चालु वा पूँजिगत खर्चको अंश खुलाई स्वीकृत अनुमान पेश गर्नुपर्नेछ।

(छ) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन (IEE/EIA) प्रतिवेदन।

(ज) प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सङ्घीय विशेष अनुदान माग गर्ने सम्बन्धमा (कार्यान्वयन गर्ने निकायको नाम सहित) गरेको निर्णयको प्रमाणित प्रतिलिपि र पुष्ट्याई।

(झ) प्रदेशको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोगसंगको समन्वयमा प्रस्तावित आयोजना/कार्यक्रमहरुको प्राथमिकीकरण गरेको विवरण।

(ञ) स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले सङ्घीय विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपि (उपस्थिति सहित)निर्णय गर्दा आयोजना/कार्यक्रमको प्राथमिकता समेत उल्लेख गर्नुपर्नेछ र सोही प्राथमिकताक्रम अनुरुप अनलाईन प्रविष्टि गर्नुपर्नेछ।

**४. आयोजना कार्यक्रम लागत अनुमान सीमा, अवधि, लागत साझेदारी सम्बन्धी विवरण:**

| क्र.सं. | सम्बन्धित तह | न्यूनतम कूल लागत | अधिकतम कूल लागत | अधिकतम अवधि |
|---|---|---|---|---|
| १. | प्रदेश | १० करोड | ३० करोड | ३ वर्ष |
| २. | महानगरपालिका | ५० लाख | १५ करोड | ३ वर्ष |
| ३. | उप-महानगरपालिका | ५० लाख | १५ करोड | ३ वर्ष |
| ४. | नगरपालिका | ५० लाख | १० करोड | ३ वर्ष |
| ५. | गाउँपालिका | ५० लाख | ५ करोड | ३ वर्ष |

५. आयोजना/कार्यक्रम प्रस्ताव गर्दाको वखतमा नै स्वीकृत भएको खण्डमा कार्यान्वयनमा लैजाने गरी पूर्वतयारी कार्यहरु(Site clearance, निर्माण सामाग्री आपूर्ति, जनशक्ति व्यवस्थापन, ठेक्का व्यवस्थापन लगायत) मा यथेष्ट ध्यान दिनुपर्नेछ।तोकिएको समयमा कार्यविधिमा उल्लिखित निकायहरुमा प्रगति प्रतिवेदन गर्नुका साथै अनुगमनमा समेत ध्यान दिनुपर्ने हुन्छ।